annapurnapost.com

# अन्नपूर्ण पोस्ट


वर्ष २३, अंक ३०२ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २३ फागुन २०८१ | फाल्गुन शुक्लपक्ष अष्टमी, नेपाल संवत् ११४५ | FRIDAY, MARCH 7, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# किन झन्–झन् खस्किँदै कर्णालीको शिक्षा ?

## न शिक्षक, न समयमा पाठ्यपुस्तक

कर्णाली प्रदेशमा ३ हजार २६ सामुदायिक विद्यालय छन्। तीमध्ये करिब १ हजार २ सय विद्यालयमा एउटा पनि शिक्षकको दरबन्दी छैन। दरबन्दीविहीन विद्यालय राहत, स्थानीय स्रोत र निजी स्रोतका शिक्षकबाट सञ्चालित छन्। अर्थात्, न शिक्षक दरबन्दी, न त समयमा पाठ्यपुस्तक, यसैकारण कर्णालीको शैक्षिक अवस्था खस्कँदो छ। विद्यालय भवन र कक्षाकोठाको कमजोर भौतिक संरचना, गरिबी र विद्यालय व्यवस्थापन समितिमा हुने राजनीतिले शैक्षिक गुणस्तरमा प्रत्यक्ष असर पुऱ्याएकै छन्।






बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

– को रिपोर्ट

समाचार पृष्ठ २

### कर्णालीका विद्यालयमा शिक्षक दरबन्दीको अवस्था

| तह | विद्यालय संख्या | आवश्यक दरबन्दी | कायम दरबन्दी | अभाव दरबन्दी |
|---|---|---|---|---|
| प्राथमिक | २९३१ | ८७९३ | ८१४९ | ६४४ |
| निम्नमाध्यमिक | ११४० | ४५६० | १८६१ | २६९९ |
| माध्यमिक | ६०५ | ३०२५ | १२७६ | १७४९ |
| उच्चमाध्यमिक | २६९ | १०३६ | ५७९ | ४५७ |
| जम्मा | ४९४५ | १७४१४ | ११८६५ | ५५४९ |

*स्रोत : प्रदेश शिक्षा विकास निर्देशनालय, सुर्खेत।*

### भौतिक पूर्वाधारको अवस्था

भौतिक संरचना अभाव भएका विद्यालय
१,०००

बालमैत्री शौचालय नभएका विद्यालय
१,८००

अपांगतामैत्री नभएका विद्यालय
२,५००

खेल मैदान नभएका विद्यालय
१,५००

२०७४ साल यता मन्त्रालयले भवन निर्माण गरेका विद्यालय
५००

# हमासलाई ट्रम्पको चेतावनी



**सुरज भण्डारी** | *अमेरिका*

युक्रेनसँगको सम्बन्ध चिसिएको अवस्थाबीच अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्पले हमासलाई अन्तिम चेतावनी दिएका छन्। उनले बन्धक गराइएकाहरूलाई बिना शर्त रिहा गर्न हमासलाई चेतावनी दिएका हुन्। गाजालाई स्वतन्त्र बनाउने लडाइँ अन्तिम चरणमा पुगेको बताउँदै यसका लागि इजरायललाई आवश्यक पर्ने सबै खालको सहयोगको प्रबन्ध गरिएको समेत राष्ट्रपति ट्रम्पले बताए। गाजा छाड्नका लागि यो अन्तिम समय हो, हमासलाई चेतावनी दिँदै ट्रम्पले भनेका छन्।

हमासबाट बन्धक बनाइएका मध्ये रिहा भएका ८ जनासँगको भेटपछि ट्रम्पले सबै बन्धकको रिहाइ र मारिएकाहरूको शव फिर्ता गर्न हमासलाई चेतावनी दिँदै अन्यथा परिणाम सही नहुने स्पष्ट धारणा दिएका छन्।

» बाँकी पृष्ठ ६

# कानुन व्यवसायी चुनावमा सत्ता र प्रतिपक्षका अलग प्यानल

**दिनेश गौतम** | *काठमाडौं*

कानुन व्यवसायीको छाता संगठन नेपाल बार एसोसिएसनको चुनावमा सत्तापक्ष र प्रतिपक्षीका दुई प्यानल बनाएर कानुन व्यवसायीहरू चुनावी मैदानमा उत्रेका छन्। बार नेतृत्वका लागि वरिष्ठ अधिवक्ताद्वय विजयप्रसाद मिश्र र रमणकुमार श्रेष्ठबीच चुनावी प्रतिस्पर्धा हुने भएको छ।

बार एसोसिएसनको २७औं कार्यसमितिको अध्यक्षका उम्मेदवारद्वय मिश्र र श्रेष्ठ दुवै हेभिवेट प्रतिस्पर्धी मानिन्छन्। दुवै जना बार एसोसिएसनका पूर्वमहासचिव हुन्। सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमाले निकट कानुन व्यवसायी संगठनहरू डेमोक्रेटिक लयर्स एसोसिएसन (डीएलए) र प्रोग्रेसिभ प्रोफेसनल लयर्स एसोसिएसन (पीपीएलए)को तर्फबाट साझा उम्मेदवारका रूपमा मिश्र चुनावी मैदानमा उत्रेका हुन्। मिश्र डीएलए सम्बद्ध हुन्। कानुन व्यवसायीको हक हित, बारको छवि उकास्न समर्पित रहने लगायतका एजेन्डा मिश्रले अघि सारेका छन्।

महासचिवमा अधिवक्ता केदार कोइरालाले उम्मेदवारी दिएका छन्। कोइराला नेकपा एमाले निकट पीपीएलएमा आबद्ध छन्। २५ पदाधिकारीमध्ये डिएलएले अध्यक्षसहित १२ र पीपीएलएले महासचिवसहित १३ उम्मेदवार चुनावी मैदानमा उतारेको छ।



सरकारले न्यायपालिका र बार एसोसिएसनमा गरेको हस्तक्षेप विरुद्धको मेरो उम्मेदवारी हो।

– **रमण श्रेष्ठ**



कानुन व्यवसायीको हकहित र बार एसोसिएसनको छवि उकास्नका लागि मेरो उम्मेदवारी हो।

– **विजय मिश्र**

त्यस्तै प्रतिपक्षमा रहेका नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीले संयुक्त रूपमा प्यानल खडा गरेका छन्। यस प्यानलको नेतृत्व गर्दै अध्यक्षमा वरिष्ठ अधिवक्ता रमणकुमार श्रेष्ठले उम्मेदवारी दिएका छन्।

» बाँकी पृष्ठ ६

# राजनीतिक छायामा स्ववियु निर्वाचन

## चैत ५ मा स्ववियु निर्वाचन

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्वतन्त्र विद्यालय युनियनको निर्वाचन राजनीतिक छायामा परेको छ। लामो समयपछि चैत ५ मा देशव्यापी रूपमा स्ववियु निर्वाचनको मिति तोकिएको छ। तर, विगत जस्तो न महत्व पाएको छ, न त आमविद्यार्थीमा आकर्षण नै छ। हुन त, ०६५ सालपछि देशभर स्ववियु निर्वाचन नै हुन सकेको थिएन।

०७३ सालमा उपत्यका भित्रका विश्वविद्यालय र क्याम्पसमा निर्वाचन भए पनि काठमाडौं बाहिरका धेरै क्याम्पसमा चुनाव भएन। त्रिभुवन विश्वविद्यालयले आगामी चैत ५ गतेका लागि स्ववियु निर्वाचनको मिति घोषणा गरेको छ।

फागुन १९ गते करिब ४ सय क्याम्पसमा विद्यार्थी संगठनले चुनावमा भाग लिनका लागि नाम दर्ता गराएका छन्। फागुन २७ गते उम्मेदवारी दर्ता हुँदै छ। करिब ९ सय कलेजमा निर्वाचन हुनुपर्ने हो तर आधाभन्दा कममा मात्रै विद्यार्थीका संघ-संगठन दर्ता भएका छन्। यसपटक आम विद्यार्थीमा स्ववियु निर्वाचनको खासै चासो पनि छैन। नयाँ पुस्ताका विद्यार्थीलाई विद्यार्थी संघ, संगठनले आकर्षण गर्न सकेका छैनन्।



विद्यार्थी संघ-संगठनले नयाँ पुस्ताका विद्यार्थीलाई आकर्षण गर्ने शैक्षिक मुद्दा पनि समयसापेक्ष रूपमा ल्याउन सकेका छैनन्। नयाँ पुस्ता विद्यार्थी राजनीतिप्रति नै आकर्षित छैन। अर्कोतिर विश्वविद्यालय, कलेजमा भन्दा इन्स्टिच्युट, कन्सल्टेसीतिर विद्यार्थी छन्। विदेश मोहका कारण विश्वविद्यालयमा विद्यार्थीको संख्या घट्दो छ।

रत्नराज्य लक्ष्मी क्याम्पसका पूर्वसभापति दामोदर अर्याल राजनीतिप्रति नै वितृष्णाले नै स्ववियु निर्वाचनको पनि महत्व घटेको बताए। 'अहिले राजनीतिप्रति नै वितृष्णा छ, त्यसैले पनि स्ववियु निर्वाचनाको पनि चार्म छैन,' उनले भने।

०४५ सालका स्ववियु सभापति अर्याल हाल राजनीतिक र शैक्षिक विषयमा ठूलो मुद्दा पनि नभएकाले स्ववियु निर्वाचनको महत्व नदेखिएको बताउँछन्।

» बाँकी पृष्ठ ६

